# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

India's National Spiritual Newspaper

₹ 10/-

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE

REACHING NATIONS

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ

16 Languages

Associate Editors : Bro. BHUVAN DEVKOTA
Bro. RAJ KUMAR BHANDARI

Vol. XXV | YEAR OF OUR LORD JESUS CHRIST, 2025 JULY | No. 07


## पवित्र बाइबल

कृपया यो खण्ड कण्ठ गर्नुहोस्।

### भजनसंग्रह ८:१-९

१. हे हाम्रा सर्वमान्य परमप्रभु, सारा पृथ्वीभरि तपाईंको नाउँ कति महिमित छ। तपाईंका महिमाको स्तुतिगान उच्च स्वर्गमा हुँदछ।

२. शिशुहरू र दूधे-बालकहरूका ओठबाट तपाईंले पूर्ण प्रशंसा निकाल्नुभएको छ, तपाईंका शत्रुहरूका कारणले अनि शत्रु र प्रतिपक्षीलाई चूप गराउनलाई तपाईंले यसो गर्नुभएको छ।

३. जब म तपाईंको हातले बनाएको आकासलाई र तपाईंले स्थापित गर्नुभएका जून र ताराहरूमाथि विचार गर्छु,

४. मानिस के हो र तपाईं त्यसको वास्ता राख्नुहुन्छ ? मानिसको छोरो के हो र तपाईं त्यसको फिक्री गर्नुहुन्छ ?

५. तपाईंले त्यसलाई स्वर्गीय प्राणीहरूभन्दा केही मात्र सानो बनाउनुभयो र त्यसलाई महिमा र आदरको मुकुट पहिराउनुभएको छ।

६. आफ्नो हातका कामहरूमाथि तपाईंले त्यसलाई शासक बनाउनुभएको छ। सबै थोक तपाईंले त्यसका पैतालामुनि राखिदिनुभएको छ

७. सबै भेडाबाखा र गाई-गोरु र वनका सबै पशुहरू,

८. आकासका पक्षीहरू र समुद्रका माछारू र समुद्रभित्र पौडने सबै जन्तुहरू।

९. हे हाम्रा सर्वमान्य परमप्रभु, सारा पृथ्वीभरि तपाईंको नाउँ कति गौरवमय छ।

# फल फलाउन तपाईंलाई चुनिएको छ

YOU ARE CHOSEN TO BEAR FRUIT!

बहिनी एन्जल





हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अमूल्य नाउँमा तपाईं सबैलाई अभिवादन ।

सन् २०२५ को आधा समयमा प्रवेश गर्न हामीलाई अनुग्रहपूर्वक अनुमति दिनुभएको निम्ति म परमेश्वरलाई धन्यवाद दिन्छु र प्रशंसा गर्छु । उहाँको विश्वासयोग्यता महान् छ ।

जसै हामी यो वर्षमा अघि बढ्छौं, हाम्रो नयाँ वर्षको प्रतिज्ञामा हामीमध्ये कति जना अझै पनि रहिरहेका छौं भनेर म अचम्ममा पर्छु । आज हामी जे छौं, हामीले हिजो गरेका निर्णयहरू र छनोटहरूको परिणाम हुन् । त्यसै गरी, भोलि हामी कहाँ हुनेछौं भन्ने कुरा आज हामीले गरेका छनोटमा निर्भर हुन्छ । हरेक छनोटले परिणामहरू बोकेको हुन्छ ।

हरेक दिन, हामीले अनगिन्ती निर्णयहरूको सामना गर्छौं- के खाने, के लगाउने, काम गर्न कहाँ जाने र अन्य त्यस्तै । हामीले यस्ता कुरालाई विचारै नगरी प्रायः सैयौं छनोटहरू गर्छौं । यी निर्णयहरूका बीचमा येशू ख्रीष्टले भन्दै गर्नुभएको आवाज सुन्नुहोस्: म तिमीलाई छनोट गर्छु ।

यूहन्ना १५:१६ ले भन्दछ, **तिमीहरूले मलाई चुनेनौ तर मैले तिमीहरूलाई चुनें... ।**


*बाँकी पृष्ठ ३ मा*



बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल



## यूट्यूब ख्रीष्टियान च्यानल

तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ ।

**५ मिनेटको सन्देश**


**अंग्रेजी र हिन्दी, तामिल र तेलगू**

**हरेक दिन: बिहान २ बजे देखि**

**तामिल आइतवार सेवा: बिहान ८:३० बजे**

* Please Subscribe and Share *

बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



REACHING NATIONS

# तपाईंको प्रिय भाइबाट....



**किनभने परमप्रभु नै तेरो साहस हुनुहुनेछ र उहाँले तेरो खुट्टालाई पासोमा पर्नदेखि जोगाउनुहुनेछ (हितोपदेश ३:२६)**

खीष्ट येशूमा प्रिय मित्रहरू,

हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अमूल्य नाउँमा तपाईंलाई न्यानो अभिवादन ।

परमेश्वरको सर्वोच्च अनुग्रहद्वारा, हामी जूनको अत्यन्तै विशेष महिनाबाट आएका छौं । हाम्रो सेवाकाइको विभिन्न क्षेत्रहरूमा गहन क्रियाकलापले भरिएको यो अवसर थियो: **बोलावटको प्रतिध्वनि** समाचारपत्र, सुसमाचारीय छापाखाना, मुख्य मण्डली र शाखा मण्डलीहरू, **बाइबलकोर-** बाइबल पत्राचार कोर्स (आधारभूत), **ईश्वरशास्त्रीय पत्राचार कोर्स, नहेम्याह बाइबल कलेजहरू, सेन्ट पावलस् मेट्रिकुलेसन ख्रीष्टियान इङ्लिस हाई स्कुल,** भेकेसन बालबालिका सेवकाइ, जवान सेवकाइ, अस्पताल सेवकाइ, पुरुष र महिलाको सेवकाइ, मिसन केन्द्रहरू, यूट्यूब सेवकाइ र हाम्रा प्रशासनिक समूहहरू र परिवारहरूका साथमा अन्य धेरै ।

यी विविध क्षेत्रहरूमा सैयौं समर्पित व्यक्तिहरूले विश्वासयोग्य रूपमा परिश्रम गरेका छन् । हाम्रा मुख्य अगुवाहरूले निरन्तर प्रार्थना, रणनैतिक योजना र फिल्डबाट पृष्ठपोषण पुनरावलोकन गर्न मासिक रूपमा भेला भइरहनुभएको छ । प्रभुको प्रशस्त अनुग्रहको निम्ति हामी उहाँप्रति कृतज्ञ छौं ।



*Key Leaders gathered for monthly prayer in Church*

हाम्रो विशेष जवान शिविर **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलको** परिसरमा २०० भन्दा धेरै युवा र युवतीहरूको उपस्थितिमा जून ७, २०२५ मा संचालन गरिएको थियो । त्यो अभिषेकको शक्तिशाली समय भएको थियो किनकि जवानहरूले आफ्नो भविष्य र आफ्नो बोलावटको निम्ति ईश्वरीय दर्शन प्राप्त गरेका थिए । तिनीहरूका जीवनमा वास्तविक आत्मिक रूपान्तरण देख्न हामीले पहिले नै सुरु गरिसकेका छौं र अचम्म प्रकारले, तिनीहरूका नवीकरण भएका जीवनले तिनीहरूका परिवारमा सकारात्मक परिवर्तन पनि प्रेरित गरिरहेका छन्- विशेष गरी तिनीहरूका अभिभावकहरूका बीचमा । परमेश्वरको आत्माको यो महान् कार्यको निम्ति हामी सम्पूर्ण महिमा उहाँलाई नै दिन्छौं ।

## हाम्रो मिसन नीति


हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।

HON. EDITOR-IN-CHIEF
Rev. Angeline S. Kumari, M.A., M.Sc., M.Ed.
EX MANAGING EDITOR
Pastor Alex Samson Sam, B.Th., M.Div.
GENERAL MANAGER
Bro. N. Prakasam, M.A., M.Sc.(C&P), PGDHRM., MBA.
ADMINISTRATION
Sis. Jesy Veena Sam
Adv. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech. (DM), Ph.D.
Dr. Rabinder Boaz, M.S. (CMC)
EDITORIAL BOARD
Dr. Serena Bevin, M.A., M.Phil., B.Ed.
Sis. Sajini Cherian
Rev. Dr. K.R. Rajasekaran
Rev. Dr. William Robert, Ph.D., DD, D.Lit.

EDITOR, PUBLISHER & PRINTER
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 98412 71858 95661 31858
E.MAIL
sam@echoofhiscall.org
biblecor@yahoo.co.in
WEBSITES
www.echoofhiscall.org
www.stpaulsmatriculation.org
YOUTUBE CHANNEL
Echo of His Call

Our Ministries: ECHO OF HIS CALL Monthly Magazines (16 languages) BIBLECOR - Postal Courses (3 languages) YouTube Ministry Online Courses Theological Correspondence Courses (2 languages) Church Planting Nehemiah Bible Colleges Gospel Printing Press Great Commission Partners St. Paul's Matriculation School Crusades Community Development





*Special Youth Camp*

हाम्रो **चेपकाउमा भएको मुख्य मण्डली र सान्थोसापूरममा भएको शाखा मण्डलीमा** जून २० देखि २२ तारिखसम्म संचालन भएको पारिवारिक आशिष् शिविरको निम्ति परमेश्वरलाई हामी धन्यवाद दिन्छौं । परमप्रभुले आफ्नो आशिष् अनुग्रहपूर्वक खन्याउनुभएको छ र हामीले प्रशस्त आत्मिक कटनीको गवाही बनेका थियौं। तपाईंको विश्वासले भरिएको प्रार्थनाको निम्ति तपाईंलाई धन्यवाद ।

हाम्रा सम्पूर्ण सेवकाइहरू र हामी संलग्न भएका विविध सेवकाइहरूका निम्ति तपाईंको निरन्तर प्रार्थनाको निम्ति हामी विनम्र अनुरोध गर्दछौं। जसै हामी अन्धकारको शक्तिको विरुद्ध आत्मिक लडाइँको पहिलो पङ्क्तिमा खडा हुन्छौं, हामीले धेरै चुनौतीहरू र बाधाहरू सामना गर्दछौं। तपाईंका प्रार्थना र सहायता शब्दले व्यक्त गर्नेभन्दा पनि धेरै अर्थ राख्दछ।

परमेश्वरले तपाईंलाई प्रशस्त आशिष् दिनुभएको होस्।

**बोलावटको प्रतिध्वनि सेवकाइ टोली**

इमेल: sam@echoofhiscall.org

*पृष्ठ १ बाट*

यो पदले हाम्रो स्व-निर्धारणको आधुनिक धारणालाई चुनौती दिन्छ। हामीले प्रायः आफ्नो छनोटमा घमण्ड गर्छौं, विशेष गरी हाम्रो आत्मिक हिँडाइमा । तर येशू ख्रीष्टले यस्तो धारणालाई ठीक उल्टो पार्नुहुन्छ। सुरुवातदेखि नै परमेश्वरले हामीलाई उहाँतिर खिँच्नुहुन्छ ।

प्राचीन यहूदी परम्परामा आफ्ना रब्बीहरूको खोजी गर्ने चेलाहरू नै हुन्थे। तर येशू ख्रीष्टले यस धारणालाई ठीक उल्टो पार्नुभयो- हामीलाई छान्ने उहाँ हुनुहुन्छ ।

### १. सन्दर्भलाई बुझ्ने:

यो पदको गहिराइलाई बुझ्नको लागि येशूले यो बोल्नुभएको सन्दर्भलाई विचार गर्नु महत्वपूर्ण हुन्छ- ऐतिहासिक पृष्ठभूमि र त्यो क्षणमा उहाँको चेलाहरूको भावनात्मक अवस्था ।

### २. ऐतिहासिक सन्दर्भ:

येशूको अन्तिम निस्तार चाडको खानाको समयमा उहाँले यूहन्ना १५:१६ बोल्नुभएको





## अत्यन्तै जरुरी सूचना

निकट भविष्यमा बोलावटको प्रतिध्वनिको हुलाक वितरणमा रोक्नै नसकिने व्यवधान आउन सक्ने भएको छ। तपाईंले बिना कुनै रोकावट बोलावटको प्रतिध्वनि निरन्तर प्राप्त गरिरहन चाहना गर्नुहुन्छ भने कृपया हामीलाई तपाईंको नाम, ठेगाना, इमेल र ह्वाटसएप नम्बर पत्र, इमेल, फोन कल वा एसएमएस वा ह्वाटसएप सन्देशबाट तुरुन्तै पठाउनुहोला ।

तपाईंलाई अझ राम्रो गरी सेवा गर्न तपाईंको सहायोगले हामीलाई सहायता गर्दछ ।

**हाम्रो ठेगाना:**

**बोलावटको प्रतिध्वनि**
10, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005, India
Cell: (+91) 98412 71858 / 98410 71858 E.mail: sam@echoofhiscall.org



## प्रार्थनाको आग्रह:

कृपया अगस्त ८ देखि १०, २०२५ को निम्ति तोकिएको हाम्रो तीनदिने पारिवारिक शिविरलाई तपाईंको प्रार्थना निरन्तर राख्नुहोला ।

थियो- यहूदी मानिसहरूका निम्ति अत्यन्तै महत्वपूर्ण क्षण किनकि यसले तिनीहरूका पहिचान र छुटकारालाई देशको रूपमा सम्झना गरेको थियो। यो पवित्र भेलामा येशू खीष्टले परमेश्वरका मानिसहरू हुनुको अर्थ के हो भनेर पुनर्परिभाषित गर्नुभयो ।

उहाँ आफ्ना बाह्र चेलाहरूसँग यरूशलेममा पहिले भैंझैं भाडामा लिइएको कोठामा बस्नुभयो । त्यहाँ, उहाँले प्रभु भोज स्थापना गर्नुभयो । सोही पृष्ठभूमिमा, उहाँले आफ्नो अन्तिम शिक्षा दिनुभयो- उहाँको बिदाइको प्रवचन। यी सामान्य व्याख्या होइनन्, यीचाहिँ उहाँको स्वर्गारोहणपछि चेलाहरूलाई तयार गर्न र कायम राख्ने भावका महत्वपूर्ण सत्यता हुन् ।

उहाँको अन्तिम क्षणमा येशू खीष्टको वचनको वजन र आकस्मिकतालाई उजागर गर्दछ । यीचाहिँ गहन उद्देश्यका वचन, प्रेममा बोलिएका र ईश्वरीय अगमवाणीको साथमा आएका वचन हुन् ।

## ३. चेलाहरूको भावनात्मक अवस्था

चेलाहरूको मानसिक र भावनात्मक अवस्थालाई कल्पना गर्नुहोस् । तिनीहरू येशू खीष्टसँग तीन वर्षभन्दा धेरै समयदेखि थिए- उहाँसँगै हिँडेका, उहाँसँगै खाएका, उहाँसँगै सेवकाइ गरेका र उहाँबाट सिक्न दिन र रात बिताए। सबैभन्दा महत्वपूर्ण कुराचाहिँ, उहाँलाई इच्छापूर्वक र पूर्ण हृदयले पछ्याउन आफूसँग भएका हरेक थोक त्यागेका थिए ।

अब अचानक, तिनीहरूले आफ्ना स्वामीबाट निराशाका वचन सुनिरहेका छन्: उहाँ मर्न लाग्नुभएको छ, तिनीहरूमध्ये एक जनाले उहाँलाई धोका दिनेछ र अर्कोले उहाँलाई इन्कार गर्नेछ । तिनीहरूले महसुस गरेका अशान्ति के तपाईंले कल्पना गर्न सक्नुहुन्छ ? तिनीहरूका गोडामुनिको सम्पूर्ण संसार हल्लिरहेको थियो ।

सायद तपाईंमध्ये केही त्यस्तै स्थानमा रहेर यो पढिरहनुभएको छ- जहाँ तपाईंको संसार, तपाईंका आशा र तपाईंको भरोसा अलग भइरहेको तपाईंले देखिरहनुभएको छ। तपाईंले सोध्न सक्नुहुन्छ, म के कुरामा रहिरहन सक्छु ? तपाईं त्यस्तो हुनुहुन्छ भने यो जान्नुहोस्: तपाईंको निम्ति परमेश्वरले विशेष सन्देश दिनुहुन्छ ।

अनपेक्षित क्षणहरूमा प्राय: महत्वपूर्ण शिक्षा आउँछ- विशेष गरी अभावका समयमा । त्यस्तो क्षणमा येशूले यी वचनहरू आफ्ना चेलाहरूका निम्ति बोल्नुभयो: फल फलाओ। तर त्यस्तो चुनौतिपूर्ण समयमा कसरी कसैले फल फलाउन सक्छ ?

यो लेख दुई भागमा प्रस्तुत गरिनेछ । यो महिना, हामी यूहन्ना १५:१६ को पहिलो भागमा मनन गर्नेछौं: हामीलाई चुन्नमा परमेश्वरको छनोट । अर्को महिना, हामीले त्यो छनोटको पछाडि भएको उद्देश्यलाई अन्वेषण गर्नेछौं- अन्तसम्म रहने फल फलाउने ।

## १. ईश्वरीय चुनाव:

### परमेश्वरको छनोटमा चार पक्षहरू छन्

### (क) परमेश्वरले सम्बन्धलाई सुरुवात गर्नुहुन्छ

सम्बन्ध सुरुवात गर्नुहुने परमेश्वर हुनुहुन्छ भनेर पवित्रशास्त्रले निरन्तर प्रकाश पारेको छ। येशू खीष्टले भन्नुभयो, तर मैले तिमीलाई छानें । यहाँ छानें भन्ने प्रयोग भएको ग्रीक शब्द *एक्लेगोमाइ* हो, जसको अर्थ आफ्नो निम्ति कसैलाई छान्ने वा चुन्ने हो । सोही सत्यता एफिसी १:४ मा प्रतिध्वनि भएको छ **...संसारको जगभन्दा अघि नै उहाँमा उहाँले हामीलाई छान्नुभयो... ।**

हामीले परमेश्वर पायौं भनेर विश्वास गर्न हाम्रो मानवीय क्षमतालाई यसले चुनौति दिन्छ, वास्तवमा कहिले, हामीलाई खोजिरहने उहाँ हुनुहुन्छ। हराएको भेडाको दृष्टान्तलाई विचार गरौं: गोठालो हराएको एउटाको निम्ति निस्कन्छ । त्यस्तै तरिकामा, हाम्रो असल गोठालो तपाईं र मलाई खोजी गर्न आउनुहुन्छ- हामीलाई खोज्न र हामीलाई पिताकहाँ पुनर्स्थापित गर्न ।

यो ईश्वरीय छनोट नता संयोग हो नता दुर्घटना हो- यो विचार गरिएको र गहन रूपमा व्यक्तिगत हो । संसारमा भएका सबै मानिसहरूका बीचमा परमेश्वरले तपाईंलाई छान्नुभयो । कस्तो महान् अवसर ।

हामीले यो आधारभूत सत्यतालाई विचार गरौं: हाम्रो अस्तित्व विचार गरिएको हो । तपाईं र म उद्देश्यको साथमा सृष्टि गरिएका हौं । हामी सृष्टिको दुर्घटनाबाट बनेका उत्पादन होइनौं- हामी परमेश्वरका छानिएका र बनाइएका सीपहरू हौं ।

### (ख) नकमाइएको अनुग्रह:

परमेश्वरको छनोट हाम्रा क्षमताहरू वा सफलताहरूको आधारमा हुँदैन। रोमी ९:११-१२ ले उल्लेख गर्दछ कि याकूब र एसावले कुनै पनि असल वा खराब केही गर्नुअघि नै छानिएका थिए । यसैले स्पष्ट देखाउँछ कि परमेश्वरको अनुग्रह हामीले गर्ने केही कामबाट कमाइँदैन- अथवा असफल भएका छौं- तर यो सित्तैमा दिइएको छ। अनुग्रहको चरित्र यही नै हो: योग्यता नभएको उपहार। यही सत्यताले हामीलाई कामको आधारमा भएको धर्मबाट छुटकारा दिन्छ ।

त्यसैले, तपाईंमध्ये कसैले निरासाको अनुभव गरिरहनुभएको छ किनभने तपाईंले आफ्नो बाइबल पढ्नुभएको छैन वा नियमित प्रार्थना गर्नुभएको छैन भने तपाईंले कारणलाई गुमाउनुभएको छ भनेर नसोच्नुहोस् । हाम्रो योग्यता हाम्रा कामहरूबाट आउँदैन तर परमेश्वरको अनुग्रहबाट आउँछ ।

तापनि, प्रार्थनामा सहभागी भएर, वचन अध्ययन गरेर र उहाँसँग समय बिताउनाले उहाँसँगको हाम्रो सम्बन्धमा वृद्धि हुन, उहाँको इच्छा बुझ्न र उहाँलाई प्रसन्न पार्ने जीवन जिउन हामीलाई सहायता गर्छ। प्रभुसँग हाम्रो यात्रा भनेको बुँदाहरूमा चिन्ह लगाउने वा कामका लक्ष्यहरू पूरा गर्ने बारे होइन, यो विश्वासबाट जिउने बारेमा हो- उहाँको नकमाइएका अनुग्रहमा विश्वास ।

यही कारण येशू खीष्ट संसारमा आउनुभयो: उहाँ क्रूसमा मर्नुभयो, गाडिनुभयो र तेस्रो दिनमा बौरिउठ्नुभयो । उहाँ अचम्मको,

....Contd. to page 6

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES
SINCE 1969

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

PRAISE & PRAYER POINTS - From July 19, 2025 To August 18, 2025

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)



## ✝ परमेश्वरलाई प्रशंसा गरौं...

जूलाइ १९: शैक्षिक सत्र २०२५-२०२६ को निम्ति **नहेम्याह बाइबल कलेज र सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलमा** नयाँ भर्नामाथि उहाँको आशिष्को निम्ति ।

जूलाइ २०: हाम्रा सम्पूर्ण सहसम्पादकहरू र उहाँका परिवारहरूमाथि उहाँको निगाहको निम्ति ।

जूलाइ २१: हाम्रो मण्डलीहरूमा सेवा गरिरहेका पास्टरहरू र स्वयंसेवकहरूका निम्ति ।

जूलाइ २२: हाम्रो **ग्लोबल भिजन फर युथ एण्ड केयर सेवकाइमाथि** उहाँको आशिष्को निम्ति ।

जूलाइ २३: हाम्रो मुख्य मण्डलीमा नयाँ विश्वासीहरू थपिदिनुभएको निम्ति ।

जूलाइ २४: सुसमाचार नपुगेका क्षेत्रहरूमा सुसमाचार फैलाउन हामीलाई सक्षम बनाउनुभएको निम्ति ।

जूलाइ २५: हाम्रा मिसनका कर्मचारीहरूलाई निरन्तरको समर्पणताको निम्ति ।

जूलाइ २६: हाम्रो देशमाथि प्रभुको सुरक्षाको निम्ति ।

जूलाइ २७: नयाँ गरी बचाइएकाहरूमाथि अभिषेक र हाम्रो मण्डलीको संगतिमा ल्याउनुभएको निम्ति ।

जूलाइ २८: हाम्रा प्रान्तीय संयोजकहरूको नेतृत्व र एकता र उहाँका संगतिको निम्ति ।

जूलाइ २९: हाम्रा विश्वासयोग्य सहयोगीहरूको निरन्तरको प्रार्थना र उदार सहायताको निम्ति ।

जूलाइ ३०: हाम्रा प्रार्थनाका साझेदार, ग्राहकवर्गहरू, विश्वासका साझेदार, जीवनका साझेदार र महान् आज्ञाका साझेदारहरू र उहाँका परिवारहरूमाथि उहाँको कृपाको निम्ति ।

जूलाइ ३१: हाम्रो सुसमाचारीय छापाखानाको निरन्तर संचालर र यसका कर्मचारीहरूको कार्यक्षमताको निम्ति ।

अगस्त १: **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल (गाउँको हाई स्कुल) मा** समर्पित र पेशागत शिक्षकहरूको नियुक्त गर्नको निम्ति ।

अगस्त २: पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारमाथि प्रशस्त आशिष्को निम्ति ।

अगस्त ३: १९६९ देखि समाचारपत्र सेवकाइमा हाम्रो समर्पणतामा उहाँको निरन्तर आशिष्को निम्ति ।

## ✝ कृपया प्रार्थना गरौं...

अगस्त ४: सुसमाचारको साथमा सुसमाचार नपुगेका स्थानहरूमा पुग्न अनुग्रहको निम्ति ।

अगस्त ५: सम्पूर्ण धर्मका बीचमा एकता र सहमतिको निम्ति ।

अगस्त ६: संसारभरि शान्ति छाउनको निम्ति ।

अगस्त ७: महिला र बालबालिकाको विरुछ भएका हिंसाको उन्मूलनको निम्ति ।

अगस्त ८: हाम्रा सहसम्पादकहरू र उहाँका परिवारको निम्ति सुस्वास्थ्य र शक्तिको निम्ति ।

अगस्त ९: सम्पूर्ण देशहरूका बीचमा इमानदारीता र धार्मिकताको निम्ति ।

अगस्त १०: परमेश्वरको निरन्तर अगुवाइको निम्ति किनकि **बोलावटको प्रतिध्वनि सेवकाइहरू** ५७ औं वर्षमा प्रवेश गरेको छ ।

अगस्त ११: हाम्रो सिनियर पास्टर रेभ. एस. साम सेल्भाराजको योजनामाथि परमेश्वरको आशिष्को निम्ति ।

अगस्त १२: सबै क्षेत्रका हरेक क्षेत्रको योजना र विकासको निम्ति एकता र सर्वांगीण प्रगतिको निम्ति ।

अगस्त १३: संसारभरि मानिसहरूको आवश्यकताको निम्ति उपलब्धताको निम्ति ।

अगस्त १४: विश्वव्यापी आर्थिकमन्दीको अन्त्यको निम्ति ।

अगस्त १५: **भेकेसन बाइबल स्कुल (भीबीएस)** को समयमा येशू ख्रीष्टको प्रेमद्वारा छोइएका बालबालिकाहरू प्रभुमा वृद्धि हुन र मण्डलीमा विश्वासयोग्य रूपमा सहभागी हुनको निम्ति ।

अगस्त १६: मिसनरीरू र परमेश्वरका सेवकहरूका विरुद्धमा भएका हिंसाको अन्त्यको निम्ति ।

अगस्त १७: परिवारहरूलाई विभाजन गर्ने लक्ष्य राखेको शैतानको कामको विनाशको निम्ति ।

अगस्त १८: परमेश्वरका छोराछोरीमाथि आत्मिक र भौतिक आशिष्को निम्ति ।

*पृष्ठ ४ बाट*

सर्वोच्च परमेश्वर हुनुहुन्छ । योचाहिँ हामी को हौं भनेर होइन तर योचाहिँ उहाँ को हुनुहुन्छ भनेर मात्रै हो ।

## (ग) प्रेममा छनोट गरिएको:

तेस्रो, परमेश्वरको छनोट पछाडिको उद्देश्य प्रेम हो । व्यवस्था ७:७-८ ले प्रकट गर्छ कि **इस्राएल धेरै वा प्रभावकारी भएको हुनाले परमेश्वरले तिनीहरूलाई छान्नुभएन तर केवल उहाँले तिनीहरूलाई प्रेम गर्नुभएको कारण ।** उहाँको छनोट उहाँको प्रेमिलो चरित्रबाट बाहिर आउँछ, हाम्रो योग्यताले होइन ।

परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ- हाम्रो विगत जस्तो भए पनि । परमेश्वरको प्रेमबाट केही कुराले पनि हामीलाई अलग गर्न सक्दैन । तपाईंले उहाँको प्रेम कहिल्यै पनि अनुभव गर्नुभएको छैन अथवा तपाईंले अनुभव गर्नुभएको छ तर उहाँको क्रूस बोक्न हिचकिचाउनुहुन्छ भने यो सन्देश तपाईंको निम्ति हो । परमेश्वर कोहीद्वारा पनि काम गर्न सक्नुहुन्छ, चाहे त्यो समूहमा जति नै सानो होस् वा कम महत्वपूर्ण हो- एउटै कुराले अर्थ राख्छ कि तिनीहरूले उहाँलाई प्रेम गर्छन् ।

## (घ) व्यक्तिगत छनोट:

परमेश्वरको छनोट गहन रूपमा व्यक्तिगत हुन्छ । यशैया ४३:१ ले भन्दछ, **...मैले तँलाई तेरो नामले बोलाएको छु, तँ मेरै होस् ।** येशू ख्रीष्टले व्यक्तिगत रूपमा आफ्ना हरेक चेलालाई छान्नुभयो, तिनीहरूका व्यक्तित्व, सबल पक्ष र कमजोरी पक्षको बारेमा थाहा पाएर पनि ।

परमेश्वरको बोलावटको यो व्यक्तिगत पक्षले दुवै सान्त्वना र महत्व ल्याउँछ । हामीलाई यसै छानिएको होइन- हामीलाई व्यक्तिगत रूपमा नै छानिएको, जानिएको र परमेश्वरले प्रेम गर्नुभएको छ (मसँगै दोहोऱ्याउनुहोस्) ।

मलाई दुर्घटनावश छानिएको होइन- म परमेश्वरको विशेष छनोट हुँ । दोस्रो होइन तर सबैभन्दा राम्रो ।

१ पत्रुस २:९ मा हामीले पढ्छौं:

**तर तिमीहरू त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौ । उहाँले तिमीहरूलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो ताकि तिमीहरू उहाँका आश्चर्यपूर्ण कार्यहरूको घोषणा गर्न सक ।**


हामी उहाँको चुनिएको वंश हौं भनेर परमेश्वरले निश्चयता दिलाउनुहुन्छ । याद राख्नुहोस्, हामी केवल छानिएका छैनौं- हामी परमेश्वरको व्यक्तिगत, जानेर गरिएको छनोट हौं ।

हामीले कसरी तरकारी बजारमा किनमेल गर्छौं भनेर विचार गर्नुहोस्: हामीले हरेक थोक त्यत्तिकै लिँदैनौं । हामीले सबैभन्दा राम्रो र चाहना गरिएका थोक छान्छौं । सोही तरिकामा, परमेश्वरले हामीलाई छान्नुभयो- उद्देश्यपूर्वक र प्रेमसहित- उहाँको आफ्नै बन्न । यो जान्न कस्तो अवसर र आनन्द कि ब्रम्हाण्डको प्रभु, राजाहरूका महाराजाले आफ्नो छानिएको वंशको भाग हुन मलाई छान्नुभएको छ ।

## २. परमेश्वरको छनोटको पद्धति:

पवित्रशास्त्रअनुसार, परमेश्वरको छनोटमा हामीले निरन्तरताको एउटा पद्धति देख्छौं: उहाँले प्रायः नमिल्ने व्यक्तिलाई छान्नुहुन्छ । उहाँको छनोट अनुमान गर्न नसकिने, अकल्पनीय र शर्तहीन हुन्छन् ।

## (क) अब्राहाम:



*Abraham lied about his wife Sarah*

उत्पत्ति १२:१-३ मा परमेश्वरले अब्राहामलाई कल्दीहरूको देश ऊरबाट निस्कन र अनजान

*....Contd. to page 8*

नहेम्याह सांझको बाइबल कलेज
चेपाउक र सन्थोसापुरम, Velachery चेन्नाइ
योग्यता: दश कक्षा र सोभन्दा माथि
भर्नाको लागि छिटो गर्नुहोस् ।
माध्यम: तामिल (Part Time)
ईश्वरशास्त्रमा डिप्लोमा
Hindi (Residential) (Sponsorship Available)
विगत ५५ वर्षदेखि अन्तरराष्ट्रिय खीष्टियान अगुवाहरु र सिनियर पास्टरहरुबाट पहिचान भएको
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

## MAIN CHURCH PROGRAMMES

1. Prayer Service : 24 hours
2. **ECHO OF HIS CALL** - Monthly Magazines :English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikan.
3. **BIBLECOR -** Basic Bible Courses (English, Tamil & Hindi)
4. Theological Correspondence Courses: English & Tamil
5. Nehemiah Bible Colleges (Chepauk, Santhoshapuram & Velachery)
6. Great Commission Partners (Network of Pastors)
7. Training Programmes – Seminars & Retreats
8. Crusades
9. Literature Distribution and Follow Up
10. Gospel Printing Press - Publications
11. St. Paul's Matriculation School - Village English High School
12. Sunday Schools (Chepauk) : 10.30 a.m. Sunday & (Velachery, Balaji Nagar & Santhoshapuram) 3.00 p.m. Sunday
13. **Early Morning Service : 5.30 a.m. Sunday**
14. **Preliminary Service : 8.00 a.m. Sunday**
15. **Tamil Service : 8.30 a.m. Sunday**
16. **Youth Meeting : 11.00 a.m. Sunday**
17. **Fellowship Lunch : 1.00 p.m. Sunday**
18. **Telugu Service : 4.00 p.m. Sunday**
19. **Hindi Service : 5.00 p.m. Sunday**
20. **Tamil & English Service : 6.00 p.m. Sunday**
21. Feedback Time : 7.30 p.m. Sunday
22. Women's Prayer : 5.30 p.m. Wednesday
23. Men's Prayer : 7.30 p.m. Friday
24. Discipleship Meeting : 6.00 p.m. Saturday
25. House Meetings : 6.30 p.m. Tuesday & Thursday
26. Special Holy Communion : 6.00 a.m. 1st day of each month
27. Ministers' Meeting : 6.00 p.m. First Saturday
28. Parents' Prayer : 4.00 p.m. First Sunday
29. Night Prayer : 9.30 p.m. Third Friday
30. Fasting Prayer : 9:30 a.m. Second Saturday
31. Holy Communion : Second Sunday Services
32. Youth / Kid Prayer : 10.00 p.m. daily (over phone)
33. Staff Devotion : 9.00 a.m. daily
34. Office : 9.00 a.m. to 9.00 p.m. (except Sundays)

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स भारतमा भएकाहरुलाई मात्र

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ खीष्टियानहरू र गैहूखीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं। तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ। तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ। **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन**। यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र खीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ।

**बिस्तृत जानकारीको लागिः**

**The Chairman, Nehemiah Bible College,**
**Echo of His Call, Post Box 2957**
CHEPAUK, CHENNAI - 600 005.
**Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,**
**Cell : 98410 71852, 95661 31858**
**E.mail : biblecor@yahoo.co.in**

## निःशुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले निःशुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ। कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/चेकहरू/मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्नु हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

## (पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

**"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।**

## महान् परमेश्वरको हातमा अचम्मका सेवकहरू

जब हामी सुसमाचारका विभिन्न सेवकहरूको जीवनको इतिहासलाई फर्केर हेर्छौं, हाम्रो परमेश्वर पिता सम्पूर्ण परिस्थितिमा उहाँका सेवकहरूका सम्पूर्ण आवश्यकता पूरा गर्न र तिनीहरूलाई वास्ता गर्न विश्वासयोग्य हुनुहुन्छ। उहाँका सम्पूर्ण सेवकहरू आवश्यकताबिनाका नहुन सक्छन् तर तिनीहरूलाई सफल बनाउन उहाँ विश्वासयोग्य हुनुहुन्छ । उहाँले तिनीहरूलाई कहिल्यै थकित छोड्नुहुन्न ।

सन् १९८२ को समयमा मलाई चेन्नाइ (मद्रास) को नजिकै भएको गाउँमा सुसमाचार प्रचार गर्न बोलाइएको थियो। त्यो कार्यक्रम पूरा दिनको निम्ति थियो। म त्यहाँ रेलबाट जानुपर्थ्यो। सुरुवाती व्यवस्था पूरा गर्न मेरा केही सहकर्मीहरू अघिल्लो दिन त्यहाँ जानुभएको थियो। त्यो विशेष दिनको बिहानै, मैले आफैंलाई कार्यक्रमको निम्ति तयार गरें र धेरै प्रार्थना गरिसकेपछि म रेलवे स्टेसनमा गएँ। तर इमानदार प्रयासका बावजूद पनि मेरो यात्राको निम्ति आवश्यक रकम मैले व्यवस्था गर्न सकिनँ। रेलको टिकट किन्न, आदि काम गर्न मेरो खल्तीमा कुनै पनि रकम थिएन ।

जब म रेलवे स्टेसनमा आइपुगें, विशेष रेलमा चढ्न टिकट किन्नको निम्ति लाइन लामो थियो भनेर मैले थाहा पाएँ । गाउँमा भएको कार्यक्रमको निम्ति मेरो उपस्थिति अत्यन्तै आवश्यक भएको हुनाले त्यहाँ जानुभन्दा अर्को विकल्प मसँग थिएन। त्यसैले, म पनि लाइनमा खडा भएँ, रेलको टिकट किन्न अरूजस्तै मेरो खल्तीमा पनि पर्याप्त पैसा छ जस्तो गरेर । आश्चर्यकर्मको निम्ति मैले आफ्नो आत्मामा परमेश्वरमाथि विश्वास गरेको थिएँ ।

लाइन बिस्तारै अघि बढ्यो । मभन्दा अघि उभिएका मानिसहरूले सक्रिय रूपमा आफ्नो खल्ती खोलिरहेका थिए र ठूलो मुद्रा दिएर फिर्ता पैसा लिएर टिकट लिइरहेका थिए । तर खल्ती रित्तो भएको परमेश्वरको साधारण सेवक भएर टिकट लिन र पैसा तिर्ने मेरो पालो आउँदा म के गर्ने भनेर मलाई थाहा थिएन। मेरो मुटु तीब्र रूपमा धड्किरहेको थियो ।

अन्त्यमा टिकट लिने र पैसा तिर्ने मेरो पालो आयो। के गर्ने भनेर मलाई थाहा थिएन। टिकट काउन्टरमा बसेको मानिसले मलाई सोधे, तपाईं कहाँ जाने हो ? जब मैले आफ्नो मुख खोलें र भनें, म ..... मा जान चाहन्छु। तुरुन्तै, मैले आफू पछाडिबाट आएको आवाज सुनें, जसले काउन्टरमा भएको मानिसलाई भनिरहेका थिए, महाशय, यो मानिसबाट पैसा नलिनुहोस्, म पनि उहाँसँगै यात्रा गरिरहेको हुँ। उहाँको टिकटको पैसा पनि म तिर्नेछु । कृपया उहाँबाट पैसा नलिनुहोस्...। टिकट काउन्टरमा बसेको मानिसले मलाई पैसा नतिर्न आग्रह गरे किनकि त्यो अर्को व्यक्ति उसको साथी थियो ।

मेरो हृदय चूर्ण भएको थियो। मैले आफैंलाई नियन्त्रण गर्न सकिनँ। म त्यो स्थानबाट गएँ र आफ्नो सानो सेवकप्रति मेरो मालिकको चासोलाई महसुस गरेर म बच्चाझैं रुन थालें, जसको सेवा मैले गरिरहेको थिएँ। त्यसपछि, त्यो भाइले मेरो निम्ति टिकट लिनुभयो र आफ्नो लागि पनि लिएर तिर्नुभयो। हामीले मिलेर यात्रा गर्‍यौं र मैले आफ्नो कठिनाइ बाँडे र त्यो दिन प्रभुले हस्तक्षेप गर्नुभयो। उहाँले पनि आँसु खसाल्नुभयो र परमेश्वरलाई धन्यवाद दिनुभयो । त्यो दिनको कार्यक्रमलाई परमेश्वरले प्रशस्त आशिष् दिनुभयो ।

प्रिय पाठकहरू, तपाईंका सारा आवश्यकताको निम्ति पनि प्रभु येशू खीष्ट तपाईंको निम्ति पर्याप्त हुनुहुन्छ। परमप्रभुले तपाईंलाई आफ्नो सेवकाइको निम्ति बोलाउनुहुन्छ भने नहिचकिचाउनुहोस् नता ढिला गर्नुहोस् ।

**उहाँले तिमीहरूलाई अशान्त छोड्नुहुनेछैन...** (यूहन्ना १४:१८) ।

************

पृष्ठ ६ बाट

स्थानमा उहाँलाई पछ्याउन बोलाउनुभयो- विश्वासको यात्रा। अब्राहाम ७५ वर्षका थिए र सन्तानहीन थिए, तापनि तिनलाई धेरै देशहरूको पिता बनाउन परमेश्वरले प्रतिज्ञा गर्नुभयो । के तिनी त्रुटीरहित थिए ? निश्चय नै थिएनन्। तिनले आफूलाई राजा अबीमेलेकबाट बचाउन आफ्नी पत्नी सारालाई आफ्नो बहिनी भनेर उनको बारेमा झुट बोले (उत्पत्ति २०)। तिनले हागारलाई लिए र पछि उनी र आफ्नो छोरालाई त्यागिदिए। तापनि आफ्नो छनोटमा परमेश्वर विश्वासयोग्य रहनुभयो। परमेश्वर विश्वासयोग्य हुनुहुनेछ- तपाईं जोसुकै भए पनि ।

### (ख) मोशा:

जब मोशाले आत्मविश्वास र महत्वकांक्षा गुमाएका थिए, परमेश्वरले तिनलाई

बोलाउनुभयो । तिनले आफूलाई नेतृत्वको योग्यको रूपमा देख्न सकेका थिएनन् । गोठालोको रूपमा जीवनसँग सन्तुष्ट भएका मोशाले जलिरहेको पोथ्रामा परमेश्वरसँग जम्काभेट गरे र एकपछि अर्को बहानाको साथमा प्रतिक्रिया दिए (प्रस्थान ३ र ४)।

हामीमध्ये कति जनाले त्यही नै गरिरहेका छौं- हाम्रो जीवनमा परमेश्वरको उद्देश्य अङ्गाल्नुको साटो बहानामाथि बहाना बनाइरहेका छौं ?

मोशाको आत्म-दृष्टिकोण र परमेश्वरको तिनीप्रतिको दृष्टिकोणको बीच प्रष्ट भिन्नतालाई ध्यान दिनुहोस् ।

प्रस्थान ३:११: ... **फारोकहाँ जानुपर्ने र मिश्रबाट इस्राएलीहरूलाई बाहिर निकाल्ने म को हुँ र ?**

प्रस्थान ४:१: ... **तिनीहरूले मलाई विश्वास गरेनन् वा मेरा कुरा सुनेनन् भने ?...**

प्रस्थान ४:१०: ... **म कहिल्यै बोल्न सिपालु छैनँ...**

(प्रस्थान ४:१३): **तपाईंको सेवकलाई क्षमा गर्नुहोस्, परमप्रभु । कृपया अरूलाई नै पठाउनुहोस् ।** यस कुराले मोशाको आत्म-दृष्टिकोणलाई प्रतिबिम्बित गर्दछ- हिचकिचाहट, असुरक्षित र अयोग्यता ।

तर अब परमेश्वरको दृष्टिकोण विचार गरौं ।

प्रस्थान ३:१०: **त्यसैले अब जा । म तँलाई मिश्रबाट इस्राएलीहरू मेरा प्रजाहरूलाई निकाल्न फारोकहाँ पठाइरहेछु ।**

परमेश्वरले मोशालाई उद्धारक, अगुवा, रक्षक र आफ्ना मानिसहरूलाई छुटकारा दिने व्यक्तिको रूपमा देख्नुभयो । जबकि मोशाले आफैंमाथि शंका गरे, परमेश्वरले तिनलाई ईश्वरीय मिसन सुम्पनुभयो। सायद, जब तपाईंले यो पढ्नुहुन्छ, परमेश्वरले तपाईंको आफ्नो केही सीमित आत्मदृष्टिकोणसँग संघर्ष गर्दै हुनुहुन्छ । अब परमेश्वरको दृष्टिकोणबाट आफैंलाई हेर्न सुरु गर्ने समय भएको छ ।

परमेश्वरलाई सीमित नबनाउनुहोस्। परमेश्वरले मोशालाई बोलाउनुहुँदा तिनी ८० वर्षका थिए। परमेश्वरको समय मानिसको अपेक्षासँग बिरलै मिल्न जान्छ । मोशाले अनुभव परेका अपर्याप्तता परमेश्वरको शक्ति प्रदर्शन गर्ने स्थल बनेको थियो । मुख्य कुराचाहिँ समर्पणता हो- उहाँको गोडामा सबै थोक राखिदिनु ।

## (ग) दाऊदः



*God chose David for his heart*

दाऊद महत्वपूर्ण परिवारबाट आएका थिएनन्। उनको आदरयोग्य पृष्ठभूमि थिएन र तिनको आफ्नै परिवारले पनि तिनलाई नजरअन्दाज गरेका थिए। अभिषिक्त भए पनि तिन नजरअन्दाज गरिएको कान्छो छोरा थिए, प्रायः बिर्सिएको- तापनि तिनी इस्राएलको महान् राजा बने ।

**परमेश्वरले दाऊदलाई तिनको अनुहार वा अवस्थाको कारण छान्नुभएन, उहाँले तिनको हृदय हेरेर छान्नुभयो** (१ शमूएल १६:७) ।

दाऊदले भयानक पाप गरे पनि, तिनको छोराको ज्यान लिएर परमेश्वरले तिनलाई ताडना दिनुभए पनि जब दाऊदले पश्चात्ताप गरे, उहाँले अझै पनि कृपा प्रदान गर्नुभयो र विश्वासयोग्य रहनुभयो । परमेश्वरले आफ्नो प्रेम फिर्ता लिनुभएन। उहाँले दाऊदलाई छान्नुभयो ।

## (घ) चेलाहरूः

बाह्र चेलाहरू विविध र सामान्य पृष्ठभूमिबाट आएका थिए- मत्ती, कर उठाउने, सिमोन, जोशिलो, केही अशिक्षित माझीहरू। सुसमाचारले देखाएअनुसार यी साधारण, त्रुटी भए र प्रायः असफल भएका मानिस थिए ।

तापनि, येशू ख्रीष्टले आफ्नो बोलावट कहिल्यै फिर्ता लिनुभएन। प्रेरितको पुस्तकमा, हरेक दिन मानिसबाट परमेश्वरको शक्तिको काम प्रकट हुँदै पेन्तिकोसको दिनपछि ठूलो रूपान्तरण हामीले देख्छौं ।

प्रिय मित्रहरू,

हाम्रा योग्यताहरूका कारण हामीलाई छानिएको होइन तर परमेश्वरको सर्वोच्च इच्छा र कहिल्यै असफल हुने प्रेमको कारण हो । उहाँको छनोट मानिसको तर्कभन्दा अत्यन्तै माथि हुन्छ ।

उहाँले आफ्नो शक्ति प्रदर्शन गर्न कमजोरलाई छान्नुहुन्छ । उहाँले बुद्धिमानलाई शर्ममा पार्न मूर्खलाई प्रयोग गर्नुहुन्छ । उहाँले अस्तित्वमा नभएका कुरलाई अस्तित्वमा ल्याउन बोलाउनुहुन्छ। हामीले माग्ने वा कल्पना गर्न सक्नेभन्दा धेरै उहाँले गर्न सक्नुहुन्छ ।

हाम्रो परमेश्वरको शक्ति त्यस्तो छ ।

उहाँले आफ्नो महिमाको निम्ति कसैलाई पनि प्रयोग गर्न सक्नुहुन्छ- उहाँका छनोटहरू पहिले नै निर्धारण गरिएका हुन्छन् ।

याद राख्नुहोस्: तपाईंलाई परमेश्वरले छान्नुभएको हो ।

आफ्नै हातले छान्नुभएको। ईश्वरीय उद्देश्यको निम्ति पहिले नै निर्धारण गरेर छानिएको- फल फलाउन। परमेश्वरले फल फलाउने जीवनको आशा गर्नुहुन्छ ।

परमेश्वरको महिमाको निम्ति फल फलाउने जीवन जिउन परमेश्वरले हामी हरेकलाई सुसज्जित गर्नुभएको होस् भनेर म प्रार्थना गर्दछु किनभने जब उहाँ फर्कनुहुन्छ, तब उहाँले फलको खोजी गर्नुहुन्छ ।

************

**URGENT NEED for CHRISTIAN OFFICE**

**1. COMPUTER OPERATORS**

**2. PRINTING PRESS OPERATORS**

**Contact : (+91) 98412 71858, E.mail : sam@echoofhiscall.org**

**NOTICE**

Please store the Mobile Phone numbers (+91) 98410 71858, (+91) 98412 71858 of Pastor S. Sam Selva Raj on your mobile phones.

- Editor

Posted at "Egmore RMS Patrika Channel" RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/24-26 WPP NO. TN/PMG(CCR)/WPP-220/24-26

## Echo of His Call

**YouTube**
Please subscribe

Kindly view and subscribe our **Echo of His Call YouTube Channel** when you get time. Thanks.
**- Editor**

## OUR BANK DETAILS:

***1. Bank : State Bank of India***

| | | |
|---|---|---|
| Branch | : | **Triplicane, Chennai-5** |
| Name | : | **S. Sam Selva Raj** |
| A/C No. | : | **1023 2934 679** |
| IFSC | : | **SBIN 00 00 249** |

SWIFT CODE : **SBI NIN BB 455**

***2. Bank : ICICI Bank***

| | | |
|---|---|---|
| Branch | : | **Anna Salai, Chennai-6** |
| Name | : | **Echo of His Call** |
| A/C No. | : | **6038 0502 2319** |
| IFSC | : | **ICIC 000 6038** |

***3. Bank : State Bank of India***
**(This Account is for Tax Exemption for Indians only )**

| | | |
|---|---|---|
| Branch | : | **Triplicane, Chennai-5** |
| Name | : | **Echo of His Call Educational Trust** |
| A/C No. | : | **1023 2923 805** |
| IFSC | : | **SBIN 00 00 249** |

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**
*****
**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

Annual Subscription : Rs. 100/- Life Subscription : Rs. 2000/-

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram**, **etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.org

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/24-26**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/24-26**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS Patrika Channel"**
**on 16th JULY 2025.**

**If un-delivered please return to:**
**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

***JESUS LOVES YOU!***

To

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**